# तिप्लिङ्गी

## लक्ष्मीप्रसाद देवकोटा



# तिप्लिङ्गी

(खण्डकाव्य)

लक्ष्मीप्रसाद देवकोटा

साहित्यरस

**साहित्यरस**

www.sahityaras.com

यस ईपुस्तकमा समावेश भएका लेख तथा अन्य सामग्रीहरू "प्रतिलिपि अधिकार ऐन, २०५९" अनुसार नेपालमा प्रतिलिपि अधिकार मुक्त रहेको विश्वास गरिएको छ। उक्त सामाग्रीहरू नेपालमा रहेका जोसुकै व्यक्तिले बिना कसैको अनुमति निःशुल्क प्रयोग गर्न स्वतन्त्र छन्। नेपाल बाहेक अन्य देशका व्यक्तिले त्यस देशको प्रतिलिपि अधिकार कानुन जाँच गरी, प्रतिलिपि अधिकार मुक्त भए मात्र प्रयोग गर्नुपर्छ।

तल उल्लेखित सर्तहरू बाहेक अरू केही प्रतिबन्धहरू नराखी साहित्यरसद्वारा यो ईपुस्तक निःशुल्क रूपमा उपलब्ध गराएको छ। यो ईपुस्तक पुनः वितरण गर्न प्रेरित गरिन्छ।

सर्तहरू–

(१) यो ईपुस्तकमा रहेका लेख तथा सामग्रीहरू परिमार्जन गरि सहित्यरसकै नाममा पुनः वितरण गर्न नपाइने।

(२) यो ईपुस्तक हुबहु रुपमा व्यावसायिक उद्देश्यका निम्ति प्रयोग गर्न नपाइने।

---

यस ईपुस्तकका लेखको प्रथम प्रकाशित मिति : वि.सं. २०५७

**ईपुस्तकको स्रोत**

*प्रकाशक* : महाकवि लक्ष्मीप्रसाद देवकोटा अध्ययन तथा अनुसन्धान केन्द्र (महाकवि लक्ष्मीप्रसाद देवकोटाका खण्डकाव्यहरू)

*संस्करण* : पहिलो २०६६

*ISBN* :

---

**About this ebook edition**

*Originally created as epub*

*Created* : 2026-03-29, 17:13:10 UTC

*Latest minor Correction* : 2026-03-29, 17:13:10 UTC

*Sahityaras ebook id* : 20260329171310

**Cover art**

*Woman on a Mountain Path*

John Edmund Califano, date unknown

Please visit www.sahityaras.com for latest corrected version of the ebook.

---

स्वयंसेवकद्वारा सञ्चालित यस सहित्यरस परियोजना तपाईं जस्ता पाठकहरूमा निर्भर छ। फेला परेका त्रुटि या अरू केही सुधार वा गुनासाहरू www.sahityaras.com मा पेश गर्नहुन अनुरोध छ।

# विषयसूची


प्रथम पादः

द्वितीय पादः

तृतीय पादः

चतुर्थ पादः

पञ्चम पादः

षष्ठ पादः

सप्तम पादः

अष्टम पादः

नवम पादः

दशम पादः

एकादश पादः

द्वादश पादः

त्रयोदश पादः

# प्रथम पादः

## स्मृति

(१)

अविदित सुन्दर आनन्दी,
जीवन सुखमय स्वच्छन्दी,
परभृत-मुखरित कोकिल वन!
तरू तृण-सुम पशु मृगजल धन!

(२)

बहुखग-मृदु-ध्वनि-गुंजनमा,
सुरभित परभृत-काननमा,
कुसुमित मुकुलित मृदु वल्ली,
शिवपुर गिरिवर-पद तल्ली!

(३)

कलकल शीतल जल केलि!
मृदुमुख नाला अधवेली!!
कुसुम निकेतन तनु चारू
निकट छ सुखमय सुरदारू।

(४)

पल पल संझी मन आयो
जलथल शीतल सुषमा यो !
कलरव कूँ जन मधु वनमा
तिप्लिङ्गी छन् सुर-धुनमा !

(५)

झर्दछ सुमरज झर झर
आलूवखडा धरहरा
धवल छ कुसुमित मधुभाषी
खर-छत बीचमा वनश्वासी !

(६)

दूधमुख शावक मृतु-लोचन
जीवन-सुखका मधु-पोषण !
ऊफरपाफर चटु चाला
गरी गरी नाच्छन् मदवाला !

(७)

वातायान छन दुई काला,
हेर्ने अस्ताचल ज्वाला,
आँगन गोमय अभिराम,
डिक्की सुत्दछ वनी वाम !

(८)

स्निग्ध छ तुलसी-मठ खासा,

बार लताको कुसुमाशा !
निख्खर कालो स्तन-प्यासा
बोल्दछ पाठो मृदु भाषा !

(९)

मगमग वासी वन-श्वासी,
खग मृदु-भाषी कुसुमाशी,
मंजरी-मंजुल कुन्तला,
नजीक छ मुकुलित सुन्तला !

(१०)

भमरा भुनभुन भोगटे !
चिल्ली छविली रस-ओठे
दाडिम पल्लव मृदु-रंगी
नजीक छ, फुल्दो अलि गुंजी !

(११)

स्मृतिले लहरी मन मनमा
उपलकठिन यो जीवनमा
कल कल सलिलाधर स्वरमा
जल लिई रून्छे, मृदु पदमा !

# द्वितीय पादः
## विराट्-स्पर्श

(१)

तिनका साना मीठा दाना
कुँद्ने छिनो सागर-वीचि!
"मोती हुन् कि?" भन्दै, हेर्नु-
पर्थ्यो, बनमा आँखा मिची!

(२)

वेहानीको फुल्दो वेला
कोकिल वनमा निर्भर-बोला
सुनकी गाला, ऊषा-बाला
रेखा दिन्छिन् छुँदै छाला।

(३)

पल्लव-घुँधर रच्ने न्याना
दिल-लोचनका छविकर साना!
छुन्थे भमरा रँगले नाना
पेशल कुन्तल घूँघर-बाना!

(४)

रविकर-चुंवित हिमकर गोल
जो छन् निशिका अमृत ज्योति,
शीतल करले जसका सपना
बीचमा फूलहरू झार्छन् मोती !
उनको मृदु लिई अंश उज्यालो –
छविमय भाल छ तुहिन – हँसीलो !

(५)

निशि-नानीको गाजल कालो !
जसको पार्थिव नाम अँधेरी !
त्यसको कालो स्याहीलाई,
हलुका करले अप्सर-गणको,
रसले सुन्दर मृदु चित्रणको !
सिर्जन-पटमा वुरूस-छुआई
भ्रुकुटी लच्के, भुवन रसाई !

(६)

मुकुलहरूले जून-सपनामा
शिशुझैँ आँखा आधा चिम्ली,
नन्दन सुषमासँग मुसकाई,
स्वप्निल भाषा मुसुमुसु पाई,
पलक हलूका अधखिल जूनका !
सरि छन् लोचन-ढकनी उनका !

(७)

नलिनी-पत्ती उप्सिई गोल
मृदुल-पनाका पुष्ट कपोल!
जसमा आशा झर्ने गोल
जल-लव खोज्छे पल अनमोल!

(८)

दाडिम दाना फुट्नुअगाडि
मुकुल बनीकन मुस्किन सिक्दी
रंग-मृदु दिन्थी अधर दुवैमा,
रानी-वनको महिमा झिक्दी
बोट-हँसीली वैश-रसीली
युवतिहरूको उरतक पुग्दी!

(९)

पङ्कज-बीउको कुसुमाऽकाङ्क्षी!
सलिल-सुशील्पित मृदुल-मृणाल-
हरूको पाना पाई सलक्क
नाक छ उनको, मधुर झलक्क!

(१०)

चिनियाँचंपा चारू र चट्ट
मुकुल-खँदीली, जूनले कुँदेकी,
मधुरपनाको वर्तुल रेखा,
नौनी-चोर्नी भै चैवुक रेखा!

(११)

मधुर सबैकी मानव-राशि
पर्णकुटीमा कोकिल-भाषी,
जिँउछिन् जीवन, गिरि-वन-श्वासी
स्मृतिमा मेरो आँशु-मिठासी !

# तृतीय पादः

## आत्म-परिचय

(१)

कलकत्ता मा आएर,
इँग्लिस् शिक्षा पाएर
बी.ए. बन्दछु यसपाली
सँस्कृत-आनर्स् त्यसमा ली !

(२)

शिवपुर-वनमा घर मेरो
हरितटुनाको मृदु फेरो,
गहभर स्मृतिले मन ल्याई
देख्दछु यहींनै वनलाई !

(३)

बिजुली बन्छन् फूल सारा !
ईडेन्‌वनमा जलधारा
मधुमय जस्ता रव प्यारा
बन्छन् पुरका धार-धारा !

(४)

सुर-पुर बाबु जेहेन्सिङ
आमा मेरी हेन्जेलिङ !
केश-तुषारे रूदिहोलिन्
संभी शिशुका-वनका दिन ।

(५)

शिकारीका राजानै
जनक अजङ्का जेहन्सिङ !
वनको सारा मुटु धानी
हिड्थे जङ्गल-नृप हानी ।

(६)

जेहेन्जूँघा नेपालमा
प्रख्यातै छ दरवारमा !
मुश्ला काला भयङ्कर !
के डर होला तरवारमा ?

(७)

जर्णेलका बच्चासम्म रे
थरथर काँपी हेर्ने रे !
सिँहे-गर्जन बोलीले
थर्काई काबू पार्ने रे !

(८)

"ऊ बाघ आयो" भन्थे रे
जेहेन्जूँघा देखाई!
राजा, आफ्ना छोरामा
शिकार खेल्दा, वन आई!

(९)

बाघले झंट्यो कर्णेललाई!
कर्णेल कान्छा रघुवीर
बाघलाई झम्टी बावुले
ज्यान दिएथे सोनातीर!

(१०)

धेरै बेरतक लडे रे
सात हाते त्यो बाघसँग!
वनको राजा पछारी
खुकुरीले तछारी!

(११)

कर्णेल भन्छन् रघुवीर
"जा पढ् नानी! कलकत्ता
तेरो बावुले बचायो
नत्र त मेरो के पत्ता?

(१२)

करूणा गर्ने कर्णेल्ले
साठी दिन्छन् हर मास!

जेन-केन पुऱ्याई
गर्दछु, यसै साल पास !

(१३)

कसैले पढे यो भाषा
संभ्के पीपा मेहेन् सिङ्
आफ्नो लयमा लेख्दैछू
मनको कुरा, म दिन दिन !

(१४)

कविता लेख्ने सोख मेरो,
आफ्नो छन्द आफूमा !
मधुरो लागी दिल-प्यारो
लेख्दछु हिर्दय-भाषामा।

(१५)

यस्मा पनि ता आँशु छन्
आँशु जीवनका दाना !
यसमा पनि ता हाँसो छन्
सुन्दर सत्का मृदु-पाना !

(१६)

अरूहरू लागे-भर्मणमा
ईडन् मधुर उपवनमा
पुलकोनेरै रूख पाई
लेख्दछु खोल्दै मनलाई !

(१७)

सच्चा दिलको सद्वाणी
कविता भन्छन् सब ज्ञानी !
वनको बच्चो मेहेन्सिङ्
नहोस् पढिकन गुमानी।

(१८)

स्वोजातिको हृद्-कंपन
आयो पीपा-छन्दमा
हाँस्ने हाँसे, हाँस्दैछन्
फुल्छन् फुल्ने गन्धमा।

(१९)

यो जीवनमा धेर कुरा
बोलूँ बोलूँ छ अधर
आफ्नो वनको गानामा
कुसुम-सरि भै मुखर।

(२०)

लेख्ने मेरो मन भयो
पीपा-जीवन दुख-दाना।
झल्की झर्ने हिमालका
चूली-झिल्का सुन-साना !

(२१)

सुरपुर बाबु जेहेन्सिङ
आमा मेरी हेन्जेलिङ्
'जीवनगाथा'- लेख्दैछु
कलकत्तामा 'मेहेन्सिङ' ।

(२२)

जस्तो आयो सो लेखी
फुर्सदमा, मैले चढाएँ,
ईश्वरको चरण-
कमलमा शिर लाएँ !

(२३)

कहिले झिल्का झिल्किन्छ
कहिले मिर्मिर अँधेरी।
पीपा-दिलको मृदुवानी
बोल्दछु यहाँ भरी पानी !

(२४)

बिजुली बन्छन् फूल सारा
इडेन्-वनमा जल धारा !
मधुरा जस्ता रव प्यारा
बन्छन् पुरका धार-धारा !

(२५)

वनकी चरी छातीकी
बोल्छे बोली अनौठा !

जस्तो आयो सो बोल्छे,
छैन है वचन बनौटा !

(२६)

शिवपुर-वनमा घर मेरो,
हरित-टुनाको मृदु फेरो
गहभर स्मृतिले मन ल्याई
देख्दछु यहीँ नै वनलाई !

(२७)

सहृदयी माता हेन्जेलिङ
भर-भर आँशु स्मृति होलिन् !
भेट्यो दशैँमा पर-साल
केश-तुषारे दुख-हाल,
टिक्न छ मुश्किल, चिरकाल !

(२८)

त्यस वन-बीचमा अनि आर्की
वनकी दुहिता मृदु स्वरकी
वैंश-हराकी फूल-रानी
संभी फुल्दछ दिलखानी !

(२९)

त्यो मधुवनमा मृदु जूनमा
मधुर-श्रवणका मधुक्षणमा ।
जगत्-विशाला मोहनको

सुन्थिन् गाथा जीवनको !

(३०)

कुसुमांचलमा जल-लव दाना
भर्दै दिन दिन मृदु सपनामा ।
दुखीमुख वादल-वदनी चाँद
बस्छिन् विपना-सपना साँध !

# चतुर्थ पादः

## विषमय आधुनिकता

(१)

लाग्छ मलाई यस पुरमा
सब छन् उल्टा क्यै सुरमा !
जब संभन्छु नेपाली –
वन-धन बहुविध सुखडाली ।

(२)

यान अनेक छ – पद-कूँजा
चिन्ता-लहरी सुखधूजा
मुखभर मानवभरी मूजा
गर्छन् खालि धन पूजा !

(३)

भिलिमिलि भल्लर कृत्रिमता
घरघर घर पनि थर्की यता
शहर छ साह्रै गन्ध-गुहु
बर-बर बन्दछु नजर म ता !

(४)

कृत्रिम हाँसो रित्तोमा
नजर छ सेतो भित्तोमा !
सभ्यपनाको रोगी पन
देख्दछु नगरीभर यस दिन !

(५)

नर-आत्माको अनिकाल
बक्र अनेकन मन-जाल
यान्त्रिक-मानव तीन काल !
वाक्क छ देखी मन चाल !

(६)

भँगेर-टाउके छापाका
अक्षर ठूला मापाका !
साँचो सारा हप्काई
दिन्छन् भूठो दप्काई

(७)

रँग-रँगेली विज्ञापन
विषमय खाना, विषका धन !
ताजा हरियो-पन शूना
बत्ती-अँधेरो जग-कूना !

(८)

भारतको यो खँडहर भैँ

हाँगा हाल्दो विषधर झैँ
कुटिल बनाई नव-यौवन
जटिल छ गर्दो दुःशासन!

(९)

विष-मदिराका तम-प्याला
सभ्य चिताका रव ज्वाला!
झिलिमिलि गर्छन् दृक्-सामू
लहरे-पश्चिम-छवि-लामू!

(१०)

रूग्ण छ भारत-शावक मन
रूँरूँ लाग्दछ म त छिन छिन!
घर घर खालि संघर्षण
शून्य छ, गिरि-वन-मृदु-स्पर्शन!

(११)

यत्ति छ केवल संतोष–
फुल्दछ दिलमा नेपाली
शिवपुर-वनको स्मृति खालि
खंडहरूमाथि कलि डाली!

# पञ्चम पादः

## राष्ट्रीयता

(१)

हाम्रो नेपाल स्वर्ग झैँ
होला नन्दन-वनको माझ !
निक्कै उन्नति भो भन्छन्
प्रेमको शासन गर्ने भै
जुद्धमा शमशेर महाराज !

(२)

पोहर साल म गाथैँ
कान्तिपुरी छे क्या राम्री !
जुद्ध-सडकमा जडिएको
नीला बत्ती झिलमिलमा !
अमर-पुरीझैँ भै हाम्री !

(३)

मइले देखैँ – नेपालमा
वनमा क्या सुन फल्दछ !
नेपालभित्रै सुन-वाला

खेती गरेको-झुल्दछ !

(४)

हामी चूली चढौँला,
सभ्यताको सुन-चूली !
हामी फूल झैँ फुलौँला,
मधुरो झल्कामा झुली !

(५)

जुहार-खानी निक्लेलान्
हाम्रा सुन्दर पाहाडमा !
भारत पोषी, गंगाझैँ
संसारलाई पोषौंला
गाई आफ्नो लाहडमा !

(६)

नेपाले-जीवन विकाशी
वीरको छाती फर्काऔँ।
परमेश्वरको स्वर्गमा
कीर्तिको चाँदे कर्काऔँ।
वीरताले दुश्मनको
हिर्दयलाई थर्काऔँ।

(७)

हिमालको पानी देखाई
संसार-पहाड चढौँला !

चुलीकोमाथि पुगेर
स्वर्गको ज्योति झल्काउँला !
वादल जस्ता सपनाले
मनका मुना बल्काउँला !

(८)

तर यी सबै नै चुलीकी
चरम-सीमा-सुषमा
कनक-पुरमा राज् गर्छिन् !
शिवपुर-वनमा ऊसमा !

# षष्ठ पादः

## जातिप्रेम

(१)

हाम्रो पीपा दाज्यू-भाई
काम गर्नाको सिपालु !
अक्षर भने तिनलाई
खालि आलू पिँडालू !

(२)

बोक्छन् भारी भारी ती
डोका, डाला, भकारी।
खालि जान्ने भिर्नलाई
तेर्सो पारी खुकुरी !

(३)

खस्रो रूखो खाना छ !
अक्षर बन्द पाना छ
खालि ओठमा गाना छ।

(४)

सीधा सोझा जातिमा
परमेश्वरले हेर्दछ।
देखे दुःख अर्काको-
रसिलो आँशु झर्दछ।

(५)
पहाडमा भारी दगुराई
प्रकृत मानव-सेवामा,
नूनको सोझो गर्ने ती
संतोष-मीठो मेवामा।

(६)
मगज तिनका क्या होलान्
लाग्ने छीटो बिजूली!
शिक्षा पाए क्या होलान्?
चढ्ने छीटो सुन-चूली!

(७)
सुनेँ मैले – नेपालमा
शिक्षा खोली सब-साज,
सानातिना हामीलाई
पढ्ने सिक्ने मौका दी
शासन गर्छन् महाराज!

(८)
आफ्नो जाति सुधार्ने

सच्चा छोरो माताको
ज्योति मैले यै पाएँ
उन्नति गर्छु म जातिको !

(९)

हामी पीपा नेपालमा
बोझा गह्रौं बोकौंला !
वीरै भई देशका
दुस्मनलाई ठोकौँला !
कीर्ति फिँजाई नेपालको
नेपालभाषा पढौँला !
शिक्षित बनी काम गर्दै
नेपाल-बारी गोडौँला !

(१०)

भाषा मेरो नेपाली
स्पन्दन पीपा-छन्दमा !
हाम्लाई पनि ईश्वरले
देलान् झल्का उज्यालो
नन्दन-वनको गन्धमा !

(११)

तर ती जीवन-ज्योति छन्
शिवपुरवनकी कुरङ्गी !
संझनाकी बिजूली
नाम छ जसको तिप्लिङ्गी !

# सप्तम पादः

## सभ्यताको निर्मोहनी

(१)

तर यो हालचाल देख्दामा
सभ्यताको कंगाल झैँ
शङ्का लाग्यो मनभित्र
पढ्नु, लेख्नु, सिक्नु के
हैन र कालो विषजाल झैँ ?

(२)

घूँवा काला उठ्दा छन्
मानव-मनका गगनमा !
विज्ञान चक्कर खेल्दा छन्
विषगोलाको रन्थनमा !
अमृत-सातो विष भज्छन्
विषयहरूका गन्थनमा !

(३)

बोक्रे चश्मा रङ्गाए
प्रकृत-चाला वङ्ग्याए !

विवेकभित्र टुङ्ग्याए
मेशिन बनाई जीवनको !
आविष्कारको झिलिमिली
पार्दछ झन् झन् इलिमिली !
विषका-बच्चा सिलिमिली
पार्दै मानव-हृद्धनमा !

(४)

पढिकन हामले के पायौँ ?
कति सुख धन वा के कान्ति ?
भ्रमहरू बढ्छन् भुँमरी झैँ–
पठित हुनुमा के शान्ति ?
श्रद्धा-भक्ति सब फाली
हृदय छ मूर्दा अनिकाली
ज्ञानी भन्ने शठ-भ्रान्ति !

(५)

जान्छु म ता है नेपाल-वन ।
अझ छ उहाँ त्यो निर्मल पन !
मानव-शिशुको प्राकृत-धन
अर्थ अलौकिक वन-जीवन !

(६)

ज्यादा नक्कल त्याँ छैन,
आर्यको-ज्योति निभ्दैन ।
स्वर्ण मझौला सुन्दरता

शासन कहिल्यै टुट्दैन।

(७)

कल-कल शीतल जल-केली
मृदुमुख नाला अध-बेली
लोचन लांची ललिताङ्गी
छन् त्यो देशकी दुहिता भैँ
पल्लव-अधरा तिप्लिङ्गी।

# अष्टम पादः
## चन्द्रागिरिमा

(१)

आत्मा मेरो भन्ज्याङ्मा
हेर्दछ हिमाल बिजूली !
तिप्लिङ्गीको मुसकान झैँ
बास्ना दिने सुन फुली !

(२)

स्वर्णिम-आशको गगनमा
रँग है राम्रो चढ्दछ !
उडूँ उडूँ भन्दै मन
पखेटा मागी बढ्दछ ।

(३)

कान्तिको-नगर बादलमा
सुन-दरवार झैँ देखियो ।
धरोराको टुप्पामा
साँझको चुंवन झल्कियो ।

(४)

बाह्रै-कालमा गुलाफ झैँ
फुलुँ फुलुँ दिल भन्छ !
साँझको बत्ती बालेर
कोमलताले रंग लिन्छ !

(५)

बोली चरी कुर कुर ली
भाषा-हामीले बोल्ने !
यल्लाई सुनी सुर सुर ली
'आशा' उडी दिल खोल्ने !

(६)

यौटा सुनको सूतमा
गाँस्छिन् साँझले नेपाल !
तिप्लिङ्गीका दिल-चरा

वाणी बोल्दछन् गदगदमा–
हेरी हाँस्छ हिमाल !

(७)

लौ आयो है पीपा भाई
चढी पहाड-खुडकिला !
गाई गाई चरो झैँ,
मोहनीको धरो भै,
सोध्दछ हाम्रा वाणीले–

"छमे हानाङ सेकिला
म्हेन्दो सर्ची चुरीला!"

(८)

आर्को जीवन-जन्म झैँ
नेपालको दर्शन छ!
मुटुनै भरी मुनाको
रूख झैँ जीवन पर्शन्छ!

(९)

मलाई संझी भेट्नलाई
हाँसी ढल्की आएकी,
लाली हाँसो मिलाई,
होलिन् हिमाल छाएकी!

(१०)

भाषा छैन आजलाई
मोहिनीको देशमा!
भेषै बदली आइन् जो
सुनकेस्राको केशमा!

(११)

ए दिन, उड्ने पंखी झैँ
मलाई दे'न पँखेटा!
छ कोश बाँकी तिनको छ
वसन्तमा फूल फुल्यो

सेतो आलूबखडा !
मोती-फूलको धररा !
सुनको देशको यात्री झैँ
उडी जान्छु, जहाँ छन्
विश्वै गुंथ्ने छहरा।

# नवम पादः

## मातृवियोग

(१)

नीलोबाट चड्क्यो है
वज्र यो मेरो छातीमा।
दिनमा आएँ, म भन्थेँ
परेँ हरे! रातीमा!

(२)

माता मेरी स्वर्गमा
वनको भएँ टुहुरो!
अरण्यको यो रोदन!
अँधेरीको विचरो!

(३)

आत्मा तिनको सुन्दो हो
एकान्तको विलौना!
कल्पी रून्छ दिलचरो
कालको व्याधा आएर
माऊ लग्दा छेडेर

आँशु झरी पातमा
गुँडको जो छ झुलौना !

(४)

अनंतको डर त्रास
मेरा मनमा पल्हाए ।
संसार कालो भयंकर
अँधेरीका डर आए ।

(५)

डाँठैबाट टुटेको
फूल झैँ कालो माटोमा !
वैलिनु र नास्नुको
अविदितको बाटोमा !
मिर्मिर साँझमा हूरीको
झापट पाई झरेको
तर्सी तर्सी रोए झैँ,
जल-कणहरूले धोए झैँ,
आज छ हिर्दय पस्रेको
लाचारीको घाटोमा ।

(६)

कमल-पातको पानी झैँ
जीवन टलपल आँशुमा
कीरा लाग्ने गुलाफ झैँ
लाली फुल्दो मासुमा !

हाम्रो हाँसो झर्दछ
बन्दै आलूबखडा
हावा हरहर लहरमा,
विषयको बगरमा !

(७)

दाडिम फूल झैँ लालकीर्ति
दिन दिन सबको झर्दछ !
जुन जराको माटोमा
पलाएथ्यो बाटोमा
त्यै धूलोमा पर्दछ !

(८)

आफूलाई नचिन्ने
कालो बत्ती बालेर !
सुधार गर्न तंसिन्छौं
संसारलाई चालेर !
गन्धे-झार झैँ फुल्दछौँ
आफ्नो गन्ध फैलाई !
राँकेभूत झैँ बल्दछौँ
धापमा संसार पुऱ्याई ।
जूनकीरी झैँ यो बत्ती
नाली तर्फ घिसारी
हामी उल्टो बाल्दछौँ
आकाश-ज्योति अगाडि
संसार यस्तो अँधेरो !

अन्धा आँखा उघारी
मैले सुधार के गर्छु
आफैँ चिन्नु अगाडि ?

(९)

क्षण क्षण बजीरहन्छ
शिरमा कालको नगरा ?
नाशका फौज झंटिन्छन्,
दुःखका छुट्छन् फोहरा !
तैपनि आँखा खुल्दैन
नानी तर्सी खुँचिदा !
अनंतको ज्वलनमा
रूनु छ खालि ब्यूँझिदा !

(१०)

हजार गुलाफ, लाल-पत्ती
हजार कीरा खाँदा छन् !
प्रेमका लोचनका बत्ती
अँधेरीमा जाँदा छन् !
हजार भए वसन्त
वर्षलाई हिउँद लाँदा छन् !
दिन दिन खुले आँशुले
आखिर तमले खाँदा छन् ।

(११)

मनमा फुल्ने कोपिला

एकैछिनमा वैलिन्छन्।
झूटा आशा समाई
शून्यमा जीवन फैलिन्छन्।
हाँसो मर्छन् आँशुमा,
तैपनि हाँसो संझदै!
समयको वनमा
दुवै हात फैलाई
हामी हिंड्छौं भन् रूँदै।

(१२)

संसार खालि ज्वलन हो
भन्दै दिन-दिन आएर
ज्वलनमा ब्यूँझिन्छन्
ज्वलन-मरण पाएर!
हजार आँधी फूललाई
झारी झारी रूलाउँछन्।
तैपनि हा! मायाले
आशा हाम्रा झुलाउँछिन्!

(१३)

रूप-रँगको चितामा
रूँदै लिइने खरानी,
संझनाका करमा
जीवन भन्ने दुख-पानी!

(१४)

प्रेमको वास्ना आर्कै छ
रंगको 'पत्ती' संझिन्छौँ।
धूलोसँग प्रेम गर्दै
निर्मोहनीमा व्यूँझन्छौँ!

(१५)

वादललाई बदली
पानी पानी पारेर
शूनशानको अँधेरी
राख्छिन् माया झारेर!
जीवनको बिजूली
क्षण क्षण चंकी निभ्दो छ।
बदलीको बतास
चीसो शासले पस्दो छ!

(१६)

मनकी ज्योति तिप्लिङ्गी!
वैँशको गुलाफ-बारीमा!
वैलिन्छिन् कि भन्ने डर
आउँछ आँशु झारीमा!
पत्तीको रँगको पीरति
धूलोमा आँशु पर्दछ!
परमेश्वरको विजूली
थोरै छिनलाई झर्दछ!

(१७)

किन हो झल्क्यौ तिप्लिङ्गी ?
बिजूलीको करले
आफ्नोतर्फ बोलाए ?
विषयको बारीमा
बदलीका बच्चा छन् !
तिमी देख्ने नजर यी,
खालि ईश्वर सच्चा छन् ।

(१८)

फूलको अधर च्यातेर
खालि राम्रो निर्मोहन !
विषयमा नबसूँ
भन्दछ आज मेरो मन !
आँशु आँशु झारेर
आत्मा मेरी थाकेकी ।
होउली तिमी तिप्लिङ्गी
रूपरंगले ढाकेकी ।

# दशम पादः

## भगवान् स्मरण

(१)

झिलीमिल अस्ताचल,
उसको पछि मिर्मिरी !
आज मलाई लाग्दछ
संसार सारा अँधेरी !

(२)

सुनको दरवार बनेर
वादल भयो खरानी !
जीवनको जादू-घर
रंग फैली सर सर सर –
यस्तै होला गुमानी !

(३)

मेरो घरको सामुन्ने
बरको बोट छ फैलेको !
संझेँ आज भगवान् –

बोधी-रूखमा बसेको !
संसारको दुःख हर्न
पलेंटीमा कसेको !

(४)

करूणाको सागरले
संसार-शासन छोडेर
दुःखको प्रश्न-उत्तरलाई
जानु भो मुख मोडेर !

(५)

रोगको मैलो चेहरा
संसारमा वास गर्थ्यो !
बुढयाँइको "काँस" मा
जीवन-पत्ती सव झर्थ्यो !
ज्योति सारा निभेको
मूर्दा-जगत् वास गर्थ्यो !
आँशु आँशु नजरले
यसै गरी सब भर्थ्यो !

(६)

मलाई लाग्छ, देखेर
आँशु-क्रन्दन संसारमा,
दुःखको भीटी जोड्नु झैँ
वेकारको निस्सारमा !

(७)

पिशाचको जीवन छ
आँशु पिई बढेको !
भरदिन संसारलाई
आफ्नै शिरमा चढेको !
उल्टो पयर हिँड्दछ
रोदन सुन्दा हाँसेर,
दुःखै दुःख किन्दछ
आत्माको धन मासेर !

(८)

मानव-आँशु बटुली
"हीरा मोती" भन्दछौँ
बहिराको "श्रवणले"
आफ्ना रोदन अर्काका
छातीबाट निक्लेको
हामी न त सुन्दछौ !

(९)

मन्दिर छाडी बाछाले
सुख्खा घास खेद्दछ।
नंग्रा धारी कालले
ओरालीमा भेट्दछ !

(१०)

भगवान्ले देखे यो

आँशु-सागर उर्लेको !
तेसैले, त्यो प्रेमको
ढुक्कुर धर्म कुर्लेको !

(११)

दुःख मेट्नु संसारको
मौनी भाषा भन्दछे
यौटै ईश्वर नजीकको
धर्मकर्म मान्छेको ।

(१२)

असुन्दरको शासन यो
दिव्य दिलमा हुँदैन !
संसार भेडाहरूको झैँ
मीठो मान्ने चइन ।
फूलका नशा लागेका
मुटु करूण रून्छन् ती
संसारको उषामा
चरी-क्रन्दन सुन्छन् ती !

(१३)

मेरो आत्मा मूर्दा झैँ
संसार हेर्दै सेलायो ।
आजको मिर्मिर साँझमा
के के आँशु ली आयो !

# एकादश पादः

## सौन्दर्यमा ईश्वरको आव्हान

(१)

मलाई लाग्यो तिप्लिङ्गी,
संसार सारा बदली ।
तिमी यौटी सुन्दरको
क्षण-क्षण बल्ने बिजूली !

(२)

मलाई लाग्यो तिप्लिङ्गी
स्त्रीमा ईश्वर ओर्लिन्छन् ।
मोहिनीका मुसकानले
प्रेमका ढुक्कुर कुर्लिन्छन् ।

(३)

सुन्दरको रंगमा
बादलमाथि बिजूली
आत्मा मेरो बोलाउन
आए ईश्वर, टूना ली !

(४)

जुन हाँसो त्यो मुगाको
पानीदार छ ओठमा !
सोही हाँसो फुलेको-
देख्दछु गुलाफ-बोटमा !

(५)

लोचन लांचा चमकमा
तारा-ज्योति सग्लिन्छन् !
दिव्य विशाल करूणा
तिनमा पनि पग्लन्छन् !

(६)

हाँसी हाँसी नाचेका
शावक-पयर सुन्दरमा
ईश्वर मलाई हाउभाउले
बोलाउँछन् मन्दिरमा ।

(७)

भाषा जो दिल बोल्दछ
अस्फुट फुट्ने बोलीमा !
विशाल दिलको-ध्वनिले
छुनेछ कंचन चोलीमा !

(८)

यस्ता लाखौँ ईशारा

तिमीले मलाई झल्काई !
मोहिनीले बोलाउन
सिक्यौँ चित्त पल्काई ?

(९)

अनंतका मधुर-भाव
अनंतमै झल्कन्छन् ।
मनका साना मुना सव
जीवन-वनमा बल्कन्छन् !

(१०)

मलाई चकोर बनाई,
स्वर्गकी ज्योति मुस्कायौ ।
अनंतको करूणा
सरल चालमा झल्कायौ !

(११)

तिम्रो मुहार हेर्दामा
मोहनीले समायो !
स्वर्ग-नजीक बसेझैँ
अमृत-भरी मन आयो !

(१२)

मैले बुझेँ तिप्लिङ्गी !
लालसाले पात छोए
तिमी वैली रूनेछौ !

जस्तो गुलाफ सब रोए !

(१३)

आत्मा विहा गर्दछन्
संसार यो सिंगारी !
सत्को सुन्दर पानामा
सिर्जनाको फुलबारी !

(१४)

वेद मंत्र फूल-अधर
पाना खोली बोल्दछन् !
मोहिनी जो ईश्वर हुन्
सिँगार गरी बल्दछन् !

(१५)

दिव्य दिव्य विवाह
तिमी हामी गरौँला !
आखिर नेपाल सुनचूली
पहाड चढी बसौँला ।

(१६)

दुइटा हुँदा एकै जो
हिमाल चुली फुल्दछन् !
त्यसमा युग-युग आएर
साँझको बत्ती बल्दछन् ।

(१७)

संसारको सभ्यता
हामीबाटै भुल्केला!
तब नै हामी मिल्नुमा
दिव्य ऐक्य झल्केला!

(१८)

फूलमा हामी आँशुका
दानाहरू छरौँला!
कलकल नालामा गाई
मानव दिल यौ भरौँला!

(१९)

दुखको प्रश्न हल गर्ने
प्रेमको धागो हालेर
तारा फूलका मालामा
गाँसी बसौली चालेर!

(२०)

जीवनभन्दा मसीना
भावनालाई रंगाई,
मानव-आँखा अगाडि
दिउँला वनमा खुलाई!

(२१)

हाम्रो सुन्दर क्षणमा

वसन्तले राज गर्ला!
मंजरीको सिर्जना
कोमलबाट मन भर्ला!

(२२)

हिँड, हामी यात्री हूँ
नेपाल-पहाड भ्हीलमा!
जुन भ्हल्कामा जे चीजको
प्रेमको बल्दो पलमा।
आफ्नो ऐना हेरौँला,
आँखा आँखा जुभ्हाई!
सोही भ्हल्का सँगाली
अनंतमा-पुर्‍याई।
अनंतको दिलबाट
फेरि सोही भ्हारौँला!
विराट् बाट ओर्लेर
अनंत यो चारौँला!
फेरि दुवै साथ-साथमा
संसार भ्हिलमिल पारौँला।

(२३)

स्त्री-पुरूषका पीरतिमा
संसार पोषण पाएर,
जीवनको-अमृत
प्यूँदछ श्रृङ्गार छाएर!
हाम्रा आँशु सच्चाका

वर्षा हुन्छन् झम्झम !
हाम्रा सच्चा भावले
जीवन होला रम्झम !

(२४)

बुझेँ मैले तिप्लिङ्गी
करूणाको सिंर्जना
सत्‌मा सुन्दर आर्लेको
आफ्नै गरी तिर्सना !
आफ्नो सिर्जन-ऐनामा
आफ्नै मुखको दर्शन
तिमी हामी दुवैमा
यौटै चीजको स्पर्शन।

# द्वादश पादः

## प्रेम प्रथम-तत्व

(१)

आज हामी साथ झर्ने
पहाडनेर जूनमा !
कंवल ओढी सुन्दछौँ
भेडी गोठको ऊनमा !

(२)

जडै पनि सातसुरमा
कोमल तीव्र मिलेर !
सिर्जनाको प्रथमगान
गर्दछ बोली फुटेर !

(३)

गानाभित्र ईश्वरले
संसार सारा बनाए !
नशा नशा गाएर
जीवन-वनमा पलाए !

(४)

झर झर गर्दै आर्लेको
सुन्दरको मधुरस्वर !
तिमी हामी दुई जना
एकै बन्छौँ बराबर !

(५)

करूणाको खानीले
आनन्दको यो टुना !
झर झर गर्दै गानामा
तिम्रो हाम्रो कानमा
बनाइदिन्छन् दुगुना !

(६)

ध्वनिले ध्वनि बोलाँउँछे,
स्वरले स्वर लहरी,
जुन स्वर तिम्रो दिलमा
पसी रून्छ जलमा
सोही मेरो निर्झरी !

(७)

हामी दुई एक हुँदा
मैले सोधेँ – "खै तिमी ?"
तिमी आयौ संगीत झैँ
बन्दै मेरो रून्झुनी !
सिंगार मैले इच्छाका

रंगीचंगी चढाएँ!
तिमी तिमी भन्दै म
ओर्ली ओर्ली गीत गाएँ!
पहाड ढुङ्गा-तरङ्ग
पारी मैले बजाएँ!
सिर्जन, पालन, नाशको
मधुर गानले भिजाएँ!

(८)

अनन्तको बोलीमा
सीमा छैन मानेको
ईश्वर झर्छन् वादलमा
पारावारले छानेको।
पहाड-छाती भरेर
प्रेमको तानले तानेको!
अनंतमा घुम्दछन
अनंतका मानेको।

(९)

आज जून अमृतको
किरण निर्झर झर-झर-झर!
आज मनमा ईश्वरका
आँशु झर्छन् बर बर बर!
सभ्यताका हरा तीर
हुन्छन् पुलकित सर सर सर!
पारबारको गानामा

यो दिलरूवा झंझरझर !

(१०)

शब्दैभित्र चिनिन्छौँ
आँखाभरी सुनेर !
भन मेरी लिप्लिङ्गी,
मनमा तिमी गुनेर !
पीर्ति जस्तो क्यै होला ?
आत्मा-आत्मा जब छोला
झं झर-झर-झर बनेर ।

# त्रयोदश पादः

## उपसंहार

(१)

हामीले पायौँ यो गाना
भेडी-गोठको झुप्रोमा।
तामाङ्ग ओम्बो बसेको
ब्याङ्गे सानो कुप्रोमा!
जहाँ बच्चा बस्दथे
झेडा-ऊनको थुप्रोमा!

(२)

धेरै गाना गुमेछन्
हावा-हावैमा छरिई!
गोसाँईथानको यात्रामा
हेर्दा हामीले घोरिई!
केही गाना पाएको
साना पाना सुन्दर।
समेटेरे ल्याएको
गुँजोस् भनी घर-घर।